मो. ९८५८४३११११

कमलबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कमलबजार, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०/०८१

च.नं.

मिति: २०८०/०४/२२

## विद्यालयको लेखापरीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) को ज मा विद्यालयको समग्र व्यवस्थापन, आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कार्य समेत स्थानीय तहको रहेको सन्दर्भमा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुको आ.व.२०७९।०८० को अन्तिम लेखापरीक्षण गराउने प्रयोजनका लागि लेखापरीक्षकको विवरण तयार पार्न आवश्यक भएकोले प्रचलित कानुन बमोजिमको मापदण्ड पुरा गरेका रजिस्टर्ड लेखापरीक्षकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै विद्यालयको लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमका कागजातसहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिल :

१. फर्म वा व्यक्तिको सम्पर्क नं. र हालको ठेगाना समेत स्पष्ट उल्लेख गरिएको सक्कल निवेदन,
२. नविकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. नविकरण सहितको नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थांको सदस्यता प्रमाणपत्र प्रतिलिपि,
४. स्थायी लेखा नं.(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. आ.व.२०७९।०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
७. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृतिको प्रतिलिपि,
८. लेखा व्यवसायी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
९. स्थानिय तहमा व्यवसाय दर्ता तथा नविकरणको प्रमाणित प्रतिलिपि।

पुनश्च :

गत विगतमा छनौट भएका लेखा परीक्षकहरु मध्ये लेखापरीक्षण गर्न लेखापरीक्षक स्वयम विद्यालयमा उपस्थित नहुने, निर्धारित समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश नगर्ने लेखापरीक्षकहरुलाइ लेखापरीक्षण कार्यमा समावेश गराउन नसकिने व्यहोरा समेत अनुरोध छ।

(खड्ग बहादुर बिष्ट)

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा वेवसाइटमा सूचना अपलोड गरिदिनु हुन।